# गुणस्तरीय बीउमा हुनुपर्ने गुणहरू

## (Characteristics of Quality Seed)

कुनै पनि बालीको उत्पादन बृद्धि गर्नमा बीउको महत्त्वपूर्ण भूमिका हुन्छ । विभिन्न अनुसन्धानले देखाए अनुसार गुणस्तरीय बीउको प्रयोगबाट मात्रै पनि औषतमा १५ देखि २० प्रतिशत उत्पादन बढाउन सकिन्छ । अतः प्रत्येक कृषकलाई आफूले प्रयोग गर्न गइरहेको बीउ गुणस्तरीय छ कि छैन भन्ने ज्ञान हुनु अति आवश्यक छ । गुणस्तरीय बीउमा हुनुपर्ने गुणहरू यस प्रकार छन् ।

### जातिय शुद्धता (Genetic Purity)

बालीको प्रत्येक जातमा कुनै न कुनै गुणमा भिन्नता हुन्छ । प्रजनकले नयाँ जातको विकास गर्दा त्यस जातका हरेक गुणहरूको विस्तृत रूपमा बर्गीकरण गरेको हुन्छ । त्यसकारणले बीउ छनौट गर्दा बीउमा त्यस जातका गुणहरू छन् या छैनन् भन्ने कुरामा विचार पुऱ्याउन जरूरी हुन्छ ।





### भौतिक शुद्धता (Physical Purity)

गुणस्तरीय बीउमा अरू बालीको बीउ, झारपातको बीउ, माटो, ढुंगा, बोटका टुक्राहरू आदि अन्य भौतिक बस्तुहरू मिसिएको हुनु हुदैन ।

### तौल (Test weight)

प्रजनकले कुनै पनि जात उन्मोचन गर्दा जातको निश्चित दानाको तौल उल्लेख गरेको हुन्छ । बीउको तौल १००० वा १०० दानालाई गनेर निकालिन्छ । उत्पादित बीउको तौल र अनुसन्धानबाट प्राप्त बीउको तौल एकै नासको हुनु पर्दछ ।





### समानता (Uniformity)

गुणस्तरीय बीउमा जहिले पनि दानाहरूको रङ्ग आकार तथा प्रकारमा समानता हुनुपर्छ । दानाहरू समान भएमा एकनासको बोट उम्रिनुको साथै प्रति इकाइ जमिनमा राम्रो उत्पादन दिने हुन्छ ।

### चिस्यान (Moisture)

बीउमा चिस्यानको मात्रा बढी भएमा बीउको गुणस्तरमा ह्रास आउँछ । त्यसैले बीउलाई लामो समयसम्म गुणस्तर युक्त राख्न सिफारिस गरिए अनुरूपको चिस्यान कायम गर्न जरूरी हुन्छ ।





### जिवितपन (Viability)

बीउ एक जिवित बस्तु हो । यदि कुनै बीउमा जिवितपन भएन भने त्यसबाट उत्पादन लिन सकिदैन ।

### उमार शक्ति (Germination)

गुणस्तरीय बीउको उमारशक्ति उच्च हुन जरूरी हुन्छ । विविध कारणले गर्दा बीउको जिवितपन हराएर जान सक्छ जसको फलस्वरूप वीउ नउम्रिन सक्छ ।



http://farm6.staticflickr.com/

www.germination.us



### ओजस (Seed vigor)

बीउबाट कस्तो बिरूवा उम्रिने हो भन्ने कुरा बीउको ओजस अर्थात शक्तिमा भर पर्दछ । बीउको शक्ति कमजोर छ भने बिरूवा कमजोर हुन्छ र त्यसले उत्पादनमा असर पुऱ्याउँदछ ।

### स्वस्थ बीउ (Seed health)

गुणस्तरीय बीउमा कुनै पनि रोग तथा कीरा नलागेको हुनुपर्दछ ।



कृषकहरूले आफ्नो ठाउँ तथा हावापानी सुहाउँदो उन्नत जातहरूको गुणस्तरीय बीउ प्रयोग गरी उत्पादनमा सुधार गर्न सक्तछन् ।

LI-BIRD CIMMYT


थप जानकारीका लागि:

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल **(ली-बर्ड)**

पो.ब.नं.:३२४, पोखरा, कास्की

फोन: ०६१-५३५३५७ • फ्याक्स: ०६१-५३९९५६

इमेल: info@libird.org • वेब: www.libird.org